# गेरुवा गाउँपालिका

# २०७५

## बाईसौं कार्यपालिका बोर्ड बैठक

**७ जेष्ठ, २०७५**

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँपालिका |
| स्थान | : | पशुपतिनगर,बर्दिया |
| प्रदेश | : | ५ नं. प्रदेश, नेपाल |

**आज मिति २०७५ साल जेष्ठ ७ गतेका दिन गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमानसिंह के.सी. ज्यू को अध्यक्षतामा कार्य पालिकाको बाईसौं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ।**

**<u>उपस्थिति</u>**

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष | सदस्य |
| श्री लिलाराम थारु | - | का वा वडाअध्यक्ष, वडानं. १ | ,, |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ | ,, |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ | ,, |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ | ,, |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ | ,, |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ | ,, |
| श्री शान्ती चौधरी | - | सदस्य | ,, |
| श्री राजु बडुवाल खत्री | - | सदस्य | ,, |
| श्री चन्द्ररुपा कामी | - | सदस्य | ,, |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य | ,, |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य | ,, |
| श्री बम बहादुर वि क. | - | सदस्य | ,, |
| श्री भीम बहादुर खत्री | - | प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव |

**<u>प्रस्तावहरु</u>**

१ **नमुना टोल समिति दिर्घकालीन कार्यक्रम कार्यान्वयन कार्यविधि नियमावली,२०७४ स्वीकृत गर्ने सम्बन्धमा**

२ **करार सेवा नियमावली स्वीकृत गर्ने सम्बन्धमा**

३ **जिल्लाका ८ वटा स्थानीय तह स्तरीय फुटबल प्रतियोगितामा सहभागी हुने सम्बन्धमा।**

४ **बिबिध**

(क) **आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा**

## निर्णयहरु :-

१ **नमुना टोल समिति दिर्घकालीन कार्यक्रम कार्यान्वयन कार्यविधि नियमावली,२०७४ स्वीकृत गर्ने सम्बन्धमा**

प्रस्ताव नं.१ माथी छलफल गर्दा गेरुवा गाउँपालिकाको स्थानीय सरकारले भ्रष्टाचार विरुद्ध शून्य सहनशिलता कायम गराउने, हरेक नैशर्गिक नागरिक अधिकारहरुको रक्षा गर्दै सुशासन दिने र तिब्र विकाश गर्ने नीति लिने प्रयास गरि रहेको सन्दर्भमा आगामी बर्षको लागि नीति तथा कार्यक्रम निर्माण गर्दा सिंगो गेरुवा गाउपालिका हरेक टोलका हरेक नागरिकको सल्लाह, संलग्नता र सहयोगमा **स्वास्थ्य,शिक्षा,युवा,वन/वातावरण,महिला/वालवालिका,खानेपानी/ढलनिकास सरसफाई, कृषि/पशु विकाश क्षेत्रमा तिब्र विकाश गर्ने, बाल, युवा, जेष्ठ, महिला, दलित, जनजाती, अल्पसंख्यक/पिछडा बर्ग,अपांग, एकल, असहायहरुको हक हित तथा अधिकारको रक्षा गर्ने र समाजका सवै बर्ग, धर्म, संस्कार/संस्कृति,जातजाती, समुदाय/समाजहरुमा हार्दिक मेलमिलाप** कायम गर्दै सभ्यसमाज सहितको समृद्ध गाउँपालिका निर्माण गर्ने अभियान सञ्चालन गर्न **नमुना टोल समिति दिर्घकालीन कार्यक्रम कार्यान्वयन कार्यविधि नियमावली,२०७४ स्वीकृत** गर्ने निर्णय गरियो ।

२ **करार सेवा नियमावली स्वीकृत गर्ने सम्बन्धमा**

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस गेरुवा गाउँपालिका अन्तर्गत प्रस्तावीत दरवन्दीका प्राविधिक कर्मचारीहरुको पदपूर्ति नभएको कारणले गाउँपालिकाका कार्यक्रम/योजनाहरु कार्यान्वयनमा समस्या परेकोले प्राविधिक कर्मचारीहरुको पदपूर्ति कार्यमा सहयोग पुग्ने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त नमुनाका आधारमा तयार गरिएको **करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ स्वीकृत** गर्ने निर्णय गरियो ।

३ **जिल्लाका ८ वटा स्थानीय तह स्तरीय फुटबल प्रतियोगितामा सहभागी हुने सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा जिल्ला स्तरीय फुटबल प्रतियोगितामा गेरुवा गाउँपालिका समेत सहभागी हुने भएकोले २० जना खेलाडी भई फुटवल प्रतियोगीतामा भाग लिन जाने र त्यसको खर्च व्यवस्थापन आन्तरिक श्रोत बाट व्यवस्था गर्न निर्देशन दिने निर्णय गरियो ।

४ **बिबिध**

**(क) बोर्ड बैठक बस्ने सम्बन्धमा**

(क) २३ औं बोर्ड बैठकको रुपमा २०७५/३/७ गते दिनबो २.०० बजे नियमित बोर्ड बैठक बस्ने निर्णय गरियो ।